**Series ΣHEFG/C**

**Set-4**

प्रश्न-पत्र कोड
Q.P. Code **24**

रोल नं.
Roll No.

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली

# NEPALI

*निर्धारित समय : **3** घण्टे* — *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* — *Maximum Marks : **80***

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **24** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ़्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

- Please check that this question paper contains **11** printed pages.
- Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **24** questions.
- **Please write down the serial number of the question in the answer-book before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

*सामान्य निर्देशन :*

*(i) यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ, भाग एक र भाग दुई ।*

*(ii) भाग एकमा जम्मा **19** वटा मूल वस्तुपरक प्रश्नहरू (प्रश्न **1** देखि **19**) सोधिएका छन्, जसअन्तर्गत **46** वटा बहुवैकल्पिक प्रश्नहरूबाट **40** वटामात्र गर्नुपर्नेछ ।*

*(iii) भाग दुईमा **5** वटा वर्णनात्मक प्रश्नहरू (प्रश्न **20** देखि **24**) सोधिएका छन्, जसअन्तर्गत आन्तरिक विकल्पहरू पनि दिइएका छन् ।*

*(iv) प्रत्येक प्रश्नसङ्ख्यामा दिइएको निर्देशनलाई पालन गर्दै सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् ।*

## भाग एक

### वस्तुपरक प्रश्नहरू (व्याकरण र छन्द-अलङ्कार)

*निम्नलिखित बहुवैकल्पिक प्रश्नसङ्ख्या 1 देखि 16 मध्ये कुनै १२ वटा प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।* *12×1=12*

**1.** आचार्य पिङ्गलको समय कहिलेको हो ?

(a) ईशापूर्व दोस्रो शताब्दी । (b) इशाको दोस्रो शताब्दी ।

(c) ईशाको दुईसय शताब्दी । (d) ईशापूर्व 200 शताब्दी ।

**2.** छन्दको प्रयोजन अथवा महत्त्व : __________ ।

(a) छन्दले रचनाकारलाई सरसता, लालित्य, रोचकता एवं मधुरता प्रदान गर्छ ।

(b) छन्दले काव्यलाई सरसता, अलालित्य, अरोचकता एवं मधुरता प्रदान गर्छ ।

(c) छन्दले पाठकलाई नियममा राख्छ ।

(d) छन्दले काव्यलाई सरसता, लालित्य, रोचकता एवं मधुरता प्रदान गर्छ ।

**3.** छन्दमा गतिभङ्ग दोष भन्नाले के बुझिन्छ ?

(a) रोकिने ठाउँमा नरोकिन । (b) नरोकिने ठाउँमा रोकिनु ।

(c) गण गन्ती गर्नु । (d) छन्दमा काव्य रचना गर्नु ।

**4.** भगणको लक्षण ?

(a) ऽ ।।, (b) ।।ऽ,

(c) ऽऽ ।, (d) ।ऽऽ,

5. लघुस्वर वर्णहरू : __________ ।

(a) अ, इ, उ, ऋ।
(b) आ, इ, उ, ऋ ।
(c) आ, ई, ऊ, ए ।
(d) अ, आ, इ, ई ।

6. शार्दूलविक्रीडित छन्दको लक्षण ?

(a) म, स, ज, स, त, त, गु ।
(b) म, स, ज, स, त, त ।
(c) म, न, ज, स, त, त ।
(d) म, स, ज, स, त, त, गु, गु ।

7. क्रमशः चार सगण हुने छन्द __________ हो ।

(a) अनुष्टुप ।
(b) शिखरिणी ।
(c) तोटक ।
(d) जातीय ।

8. 'सरिता' शब्द कुन गणमा आधारित छ ?

(a) सगण ।
(b) गगण ।
(c) जगण ।
(d) रगण ।

9. भामहको काव्यको नाम __________।

(a) अलङ्कारवाद ।
(b) अलङ्कारशास्त्र ।
(c) अलङ्कार परिचय ।
(d) काव्यालङ्कार ।

10. अलङ्कारका प्रकार : __________ ।

(a) शब्द, अर्थ र उभय ।
(b) शब्द, श्लेष र उपमा ।
(c) अतिशयोक्ति, अर्थ र उपमा ।
(d) श्लेष, उपमा र उभय ।

11. आचार्य भामहले अलङ्कारवादको प्रवर्तन __________ मा गरेका हुन् ।

(a) इशाको दोस्रो शताब्दी ।
(b) ईशापूर्व दोस्रो शताब्दी ।
(c) ईशाको छैटौँ शताब्दी ।
(d) ईशापूर्व छैटौँ शताब्दी ।

12. काव्यमा शब्द र अर्थ दुवैको प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य, चमत्कार र सौन्दर्यलाई __________ भनिन्छ ।

(a) शब्दालङ्कार ।
(b) अर्थालङ्कार ।
(c) उभयअलङ्कार ।
(d) उपमाअलङ्कार ।

13. उपमा अलङ्कारका घटकहरूमा वर्णनीय वस्तु, घटना, क्रिया आदिलाई __________ भनिन्छ ।

(a) उपमेय ।
(b) उपमान ।
(c) साधारण धर्म ।
(d) सादृश्यवाचकपद ।

14. "अब चिन्तामात्रै गर्ने कि डाक्टर पनि देखाउने" – यो कुन अलङ्कारमा पर्छ ?

(a) उपमा ।
(b) अनुप्रास ।
(c) अनुष्टुप ।
(d) श्लेष ।

15. अतिशयोक्ति अलङ्कार भनेको के हो ?

(a) उपमान र उपमेयबीच तुलना गर्नु ।
(b) उपमानको मात्र वर्णनले उपमेयलाई बुझाउन खोज्नु ।
(c) उपमेयको मात्र वर्णन गर्नु ।
(d) उपमेयको मात्र वर्णनले उपमान चिनाउनु ।

16. छन्दमा जम्मा आठवटा गण हुन्छन् ती हुन् : __________ ।

(a) यगण, मगण, तगण, रगण, जगण, भगण, नगण, सगण, लघु र गुरु ।
(b) यगण, मगण, तगण, रगण, जगण, भगण, नगण, लगण ।
(c) यगण, मगण, तगण, रगण, जगण, भगण, नगण, सगण ।
(d) यगण, मगण, तगण, रगण, जगण, भगण, नगण, गगण ।

17. निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका बहुवैकल्पिक प्रश्नहरूमध्ये कुनै *१०* वटाका सही विकल्प चुनेर उत्तर लेख्नुहोस् । *10×1=10*

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब ।
विवेक ज्योतिले शुद्ध विद्या-तुल्य बनिन् अब ।।
हजारौँ-मुख भै निस्के लता-वृक्षाऽऽदि हालमा ।
लयाऽवस्था बितायेका जीव झैँ सृष्टि-कालमा ।।

आँकुरा, पिपिरा, साना, काइना, चिउला, टुसा ।
निस्के झपक्क सर्वत्र साह्रै कलकलाउँदा ।।
समाते सूर्यले फेरि उत्तराऽऽकाशको गति ।
प्रतापीको सदाकाल किन हुन्थ्यो अधोगति ?
दिनमा दीर्घता आयो रातले लघुता लियो ।
ऋतु-राजत्वको सच्चा योग्यता स्पष्ट देखियो ।।
दीपका बिचमा मैलो धूवाँ झैँ गुप्त भैकन ।
अलिअलि चढ़ेको छ दिनमा धमिलो-पन ।।
जुन जीवनको भाग रातको दिनमा सऱ्यो ।

उसैले दिनको कान्ति पक्का केही फिका गऱ्यो ।।
ॠतु-नायकले घाम मन्दै गर्ने लिई सुर ।
तुवाँलोको मिही पर्दा लगायो कि सबै-तिर !!
अलिअलि तुवाँलोले छोपियेका दिगङ्गना ।
देखिन्छन् प्रमदा-तुल्य लज्जाले विनताऽऽनन ।।
पृथिवी छन् शुगा-रङ्गी पिपिराहरूले गरी ।
हरियो रेशमी सारी लायेकी प्रमदा-सरी ।।
वनमा वागमा राम्रा पुष्प लाखौँ थरी फुले ।
कुसुमाऽऽकर यो नाम सार्थ पाऱ्यो वसन्तले ।।
आफनू शिल्प-सौन्दर्य-महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौँ फूलमा मनमोहिनी ।।
प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ ।
तर सौन्दर्यको ज्योति उनमा भिन्न एक छ ।।
बेली, जाई, जुही, चम्पा, चमेली, मधु-माधवी ।
सबैमा भरियेको छ भरिलो मोहिनी छवि ।।
पुन्नाग, कामिनी, कीप, कल्की, बकुल, मालती ।
साराको भिन्न भिन्नै छ वासना 'रूप' आकृति ।।
बेगिन्ती पुष्पका भेद बेगिन्ती रूप वासना ।
एकै प्रवाहमा चल्छन् धन्य हो ! विधि-कल्पना ।।
पृथ्वीको दिव्य सौन्दर्य नअटायेर पट्ट भै ।
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै ?

(i) विवेकको ज्योतिले शुद्ध विद्यातुल्य बनिएको भरेर यहाँ केलाई भनिएको छ ?
- (a) पृथ्वी ।
- (b) वसन्त ।
- (c) पर्दा ।
- (d) दिव्य ।

(ii) बोट विरूवाहरूको सानो रूपलाई के भनिन्छ ?
- (a) आँकुरा, पिपिरा, झ्याङ, रूख ।
- (b) आँकुरा, पिपिरा, चिउला, टुसा ।
- (c) साना, काइना, पुष्प, वनस्पत्ति ।
- (d) टुसा, पिपिरा, रूख, काइना ।

(iii) "प्रतापीको सदाकाल किन हुन्थ्यो अद्योगति" – यहाँ 'प्रतापी' भनेर कसलाई भन्न खोजिएको हो ?

(a) उत्तर । (b) आकाश ।
(c) सूर्य । (d) गति ।

(iv) ऋतुराजको साँचो योग्यता कतिबेला स्पष्ट देखिएको छ ?

(a) दिनमा दीर्घता र रातमा दीर्घता आएपछि ।
(b) रातमा दीर्घता र दिनमा लघुता आएपछि ।
(c) दिनमा लघुता र रातमा लघुता आएपछि ।
(d) दिनमा दीर्घता र रातमा लघुता आएपछि ।

(v) दिगङ्गना कतिबेला प्रभदातुल्य देखिन्छन् ?

(a) तुवाँलोले छोपिएको बेला ।
(b) आनन झुकेको बेला ।
(c) लजाएको बेला ।
(d) अलिअलि हाँसेको बेला ।

(vi) पृथ्वी कतिबेला रेशमी सारी लाएकी प्रमदा जस्तै देखिएकी हुन्छिन् ?

(a) नयाँ सारी लगाएको बेला ।
(b) शुगा-रङ्गी पिपिराहरू पलाएको बेला ।
(c) फूल फुलेको बेला ।
(d) पोखरीमा कमल फुलेको बेला ।

(vii) 'कुसुमाकर' भनेर कुन ऋतुलाई चिनिन्छ ?

(a) ग्रीष्म ऋतु । (b) हेमन्त ऋतु ।
(c) वसन्त ऋतु । (d) शरद ऋतु ।

(viii) बेली, जाही, जुही, चम्पा, मधु केका नाम हुन् ?

(a) शहरका नाम । (b) मान्छेका नाम ।
(c) चराका नाम । (d) पुष्पका नाम ।

(ix) पुन्नाग, ________, कीप, ________, बकुल, मालती ।

(a) कामिनी, कल्की । (b) कल्की, कामिनी ।
(c) कमल, मालती । (d) पुन्नाग, कीप ।

(x) सबै फूलहरू अनेक देखिए पनि के एक छ भनिएको छ ?

(a) सौन्दर्य ज्योति । (b) रंगहरू ।

(c) फुल्ने समय । (d) फूलको उचाइ ।

(xi) 'दिनमा दीर्घता आयो रातले लघुता लियो' – मा दीर्घता र लघुता शब्दको अर्थ के हुन्छ ?

(a) उज्यालो र अँध्यारो । (b) लामो र छोटो ।

(c) ठूलो र सानो । (d) दिन र रात ।

**18.** निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका बहुवैकल्पिक प्रश्नहरूमध्ये कुनै १० वटाका सही विकल्प चुनेर उत्तर लेख्नुहोस् । *10×1=10*

जिमखाना क्लब र प्लान्टर्स क्लबमा निम्न श्रेणीको मानिस, चाहे उ गोरो होस् वा कालो, उसको त्यहाँ छायाँ पऱ्यो भने पनि अपराधीमा गरिन्थ्यो । जसेले गर्नुपर्ने कर्म थिए-क्लब बिल्डिङ र कम्पाउण्डको चौकीदारी गर्नु, फाल्टू मान्छे र केटाकेटीलाई हाताभित्र पस्न नदिनु, फौजीहरू आएका बेलामा उनको सेवामा हाजिर हुनु अनि सबै गइसकेपछि बिजुली बत्तीहरू निभाउनु र झ्याल ढोकाहरू थुनेर ताल्चा लाउनु । गोराहरू आलेबुङ र जलपहाड़ फर्कँदा आधारात हुन्थ्यो । तर उनीहरू सधैँ आउन पाउने हुकूम थिएन । खालि शनिवार र रविवार साप्ताहिक खर्च थापेर शहर आउन पाउँथे । उनीहरूका पर्व आदिमा वा ब्रिटिश साम्राज्यका गुरुत्वपूर्ण दिनहरूका बिदामा पनि उनीहरू सेक्शन सेक्शनमा आउनसक्थे । यहाँ उनीहरूलाई सस्तो दाममा मद किनेर खान पाउने व्यवस्था गरिदिइएको थियो । गोराहरू क्लबमा ताश र अरू खालका जुवा खेल्थे, बाजा बजाउँथे अनि हातमा मदका गिलास लिएर चट्किला अंग्रेजी गीत कोरसमा गाउँथे अनि 'ट्याप्-डान्स्' गर्थे । उनीहरूमध्ये कतिचाहिँ प्लाजा व क्यापिटलमा अंग्रेजी सिनेमा हेर्नजान्थे । ठूल्ठूलो चाड़मा पूरा ब्रासब्याण्ड लिएर आउँथे अनि किसिम किसिमका धुन बजाएर रमाइलो गर्थे । कति सिपालु गीताङ्गे गोराहरूले ता पुरानो प्रसिद्ध नेपाली गीत "रानीबनैमा, सम्झ मनैमा; एकलै छाड़िराख्यौ मलाई पानको दोकानमा" – को भाका मच्चीमच्ची सुसेल्थे अनि ताल मिलाएर थपड़ी मार्थे । कहिलेकाहीँ ता जुवा खेल्नेहरू मातेको झोँकमा त्यहीँ भाक्भाक् र भुक्भुक् बक्सिङ खेल्थे अनि सुनिनसक्नुका गाली वा शब्द मुखबाट निकाल्थे । अग्ला, बलिया, आँखा छोप्ने पी-क्याप लाएका मिलिटेरी पुलिस छुट्ट्याउन वा शान्त गराउन आउँदा, तिनलाई पनि तिरिखिरी पार्थे । प्रचण्ड बलिया हुन्थे गोरा सैनिकहरू । बाहिरफेरो पनि गोराहरूले उपद्रो गरेको किस्सा बेला बेलामा सुनिन्थ्यो, कहिलेकाहीँ दार्जीलिङ्को चौरङ्गी वा कोनट सर्कस्-कमर्सियल रो अनि चौरस्ताको समृद्धिसम्पन्न पसलहरूमा झकिझकाउ परेका प्रदर्शनीझ्यालका ऐनाहरू फोरेको सुनिन्थ्यो । गोराहरूले मातेर फोरेछन् भन्ने बहाना हुन्थ्यो, सधैँको एउटा रट, अनि कैयौँ दिन शहर फौजी गोराहरूको लागि 'आउट् अफ् बाउण्ड्' हुन्थ्यो । कताकता प्रश्न उठ्छ, गोराहरूले ती धनीमानीले क्रयविक्रय गर्ने ऐश्वर्यसम्पन्न केन्द्रका मात्र झ्यालहरू फोरेका किन ? मातेर क्षणिक उन्मादले दायित्वशून्य

बनाउँदा कि धनाढ्य र दरिद्रका माझको सीमारेखा तिनमा प्रत्यक्ष भएको देखी तिनका अवचेतन मनले विद्रोह गर्दा ? कुन ठीक, कुनचाहिँ सत्य ?

'पुडिङ र पाय, अफ्सरकी जोईलाई ।

रोटी मात्र हाय, सिपाहीको जोईलाई ।'

यो उहिलेदेखि सुनिएको अङ्ग्रेजी झ्याउरेले के इंगित गर्छ ? यसैको सँस्कारले ती अवचेतन मनमा आघात दिँदादिँदा मौकामा विस्फोट गराएको ता होइन ?

(i) जसेले गर्नुपर्ने कामहरू के-के थिए ?

(a) क्लब बिल्डिङ र कम्पाउण्डको चौकीदारी गर्नु ।

(b) फाल्टु मान्छे र केटाकेटीलाई हाताभित्र पस्न नदिनु, फौजीहरू आएका बेलामा सेवामा हाजीर हुनु, बिजुली बत्ती निभाउनु, ताल्चा लाउनु, क्लब बिल्डिङ र कम्पाउण्डको चौकीदारी गर्नु ।

(c) फाल्टु मान्छे र केटाकेटीलाई हाताभित्र पस्न नदिनु, फौजीहरू आएका बेलामा सेवामा हाजीर नहुनु, बिजुली बत्ती ननिभाउनु, ताल्चा लाउनु, क्लब बिल्डिङ र कम्पाउण्डको चौकीदारी गर्नु ।

(d) फाल्टु मान्छे र केटाकेटीलाई हाताभित्र पस्न नदिनु, फौजीहरू आएका बेलामा सेवामा हाजीर नहुनु, बिजुली ।

(ii) गोराहरू शहर कहिले आउन पाउँथे ?

(a) शनिबार र रविबार साप्ताहिक खर्च थापेछि ।

(b) शनिबारमात्र साप्ताहिक खर्च थापेपछि ।

(c) बिहान-बिहानको समयमा ।

(d) प्रत्येक बेलुकी ।

(iii) ब्रिटिश साम्राज्यका गुरुत्वपूर्ण दिनहरूका बिदामा पनि गोरा सैनिकहरू __________ आउनसक्थे ?

(a) सेक्शन-सेक्शनमा ।

(b) उनीहरू एक्लै-एक्लैमात्र ।

(c) परिवारसँग ।

(d) कमाण्डरसँग ।

(iv) गोराहरू क्लबमा के गर्थे ?

(a) गोराहरू क्लबमा रमाइलो गर्दै ट्याप डान्स गर्थे ।

(b) हातमा मदको गिलास लिएर चट्किला अंग्रेजी गीत गाउँथे ।

(c) सस्तो दाममा मद किन्थे र जुवा खेल्दै पिउँथे ।

(d) तास र अरू जुवा खेल्थे, हातमा मदको गिलास लिएर चट्किला अंग्रेजी गीत आउँदै ट्याप-डान्स गर्थे ।

(v) “रानीबनैमा, सम्झ मनैमा; एकलै छाडिराख्यौ मलाई पानको दोकानमा” यो गीत कसले गाउँथे ?

(a) सिपालु नेपाली लोकगायकले ।

(b) क्लबहाउसमा जसेले ।

(c) सिपालु गीताङ्गे गोराहरूले ।

(d) क्लबका गायकहरूले ।

(vi) गोरा सैनिकहरूले कसलाई तिरिखिरी पार्थे ?

(a) जसेलाई ।

(b) मिलिटेरी पुलिसलाई ।

(c) क्लबका मान्छेलाई ।

(d) चौकिदारलाई ।

(vii) फौजी गोराहरूको निम्ति कहिले शहर ‘आउट् अप बाउण्ड’ हुन्थ्यो ?

(a) रक्सी खाएको बेला ।

(b) क्लबमा डान्स गरिसकेपछि ।

(c) उपद्रो गरेर ऐनाहरू फोरेपछि ।

(d) बिहान र बेलुकाको समयमा ।

(viii) “पुडिङ र पाय, अफ्सरकी जोईलाई
रोटी मात्र हाय, सिपाहीको जोइलाई”
उक्त-गीत कसले गाएको सुनिन्थ्यो ?

(a) गोरा सिपाहीहरूले ।

(b) मिलिटेरी पुलिसहरूले ।

(c) नेपाली चेलीहरूले ।

(d) नेपाली सैनिकले ।

(ix) ‘अवचेतन’ – को विग्रह कस्तो हुन्छ ?

(a) अ+वचेतन ।

(b) अव+चेतन ।

(c) अवचेत+अन ।

(d) अ+चेत्+अन ।

(x) ‘जोइ’ भन्नाले के बुझिन्छ ?

(a) लोग्ने ।

(b) स्वास्नी ।

(c) ज्वाइँ ।

(d) मालिक ।

(xi) निम्न श्रेणीका मानिसलाई कहाँ अपराधीसरह व्यवहार गरिन्थ्यो ?

(a) चिया कमानमा ।

(b) क्लब हाउसमा ।

(c) जिमखाना क्लब र प्लान्टर्स क्लबमा ।

(d) ब्रीटिशहरूको अफीसमा ।

**19.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर उत्तर लेख्नुहोस् । *8×1=8*

(i) ऋतुविचार खण्डकाव्यका रचनाकारको नाम के हो ?

(a) लेखनाथ पौड्याल । (b) चक्रपाणि भट्टराई ।

(c) लक्ष्मीप्रसाद देवकोटा । (d) बालकृष्ण सम ।

(ii) ऋतुराज भनेर कुन ऋतुलाई चिन्न सकिन्छ ?

(a) ग्रीष्म ऋतु । (b) वसन्त ऋतु ।

(c) हेमन्त ऋतु । (d) शिशिर

(iii) हेमन्त ऋतुमा जम्मा कतिवटा श्लोकहरू छन् ?

(a) 51 वटा । (b) 91 वटा ।

(c) 101 वटा । (d) 151 वटा ।

(iv) जाड़ो अत्यन्त हुने ऋतुको नाम के हो ?

(a) वसन्त । (b) शिशिर ।

(c) शरद । (d) हेमन्त ।

(v) मालिनीको मृत्यु भएको लोग्नेको नाम के हो ?

(a) धने । (b) जसे ।

(c) रने । (d) मने ।

(vi) मालिनीले काम गर्ने कमानको नाम के हो ?

(a) हेली कमान । (b) मेकी कमान ।

(c) तिमी कमान । (d) लप्चु कमान ।

(vii) जुनेली रेखाको मुख्य पात्र को हो ?

(a) जसे । (b) मालिनी ।

(c) बडासाहेव । (d) धने ।

(viii) तत्कालीन जसेको समयमा कसको शासन थियो ?

(a) भारत सरकारको । (b) कम्पनी सरकारको ।

(c) मुगल सरकारको । (d) सिक्किम सरकारको ।

## भाग दुई

## वर्णनात्मक प्रश्नहरू

**20.** निम्नलिखित प्रश्नहरूका लगभग 30 – 40 शब्दमा उत्तर लेख्नुहोस् ।

(i) (a) रनेले कस्तो घर गृहस्थीको कल्पना गरेको थियो ? *3*

**अथवा**

(b) माछाको मोल कथाको सार छोटकरीमा प्रस्तुत गर्नुहोस् ?

(ii) गुरुप्रसाद मैनालको 'माछाको माल' कस्तो कथा हो ? *2*

(iii) (a) रानुले स्वार्थ र परार्थको तुलना कसरी गरेकी छे ? 3

**अथवा**

(b) 'भोलि बिहान रानु बारीमा मरिरहेकी थिई, बारी हरियो थियो' भनेर के भन्न खोजिएको छ ?

**21.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

(i) निबन्धकार देवकोटाले हाइ-हाइ अङ्ग्रेजी निबन्धको माध्यमबाट के सन्देश दिन खोजेका छन् ? 4

(ii) जति नै भने पनि निबन्धको अन्तिममा देवकोटाले अङ्ग्रेजी भाषाको बारेमा के भनेका छन् ? 4

**22.** निम्नलिखित प्रश्नहरूका सङ्क्षेपमा उत्तर लेख्नुहोस् ।

(i) कुनै भाषा सजिलै बुझ्नसक्नु र कुनै भाषा बुझ्ननसक्नुको कारण के हो ? 3

(ii) संसारमा नेपाली भाषाले संवैधानिक मान्यता पाएको देश कुन-कुन हो ? 3

(iii) नाटकको सफलता र असफलताको बारेमा रामकृष्ण शर्माको मत के रहेको छ ? 2

**23.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै ***तीनका*** उत्तर लेख्नुहोस् । $3\times2=6$

(i) भाषा भनेको के हो ?

(ii) एउटा जातिले अर्को जातिको भाषा नबुझ्नाको कारण के हो ?

(iii) भाषालाई परिभाषित गर्नुहोस् ।

(iv) नेपाली भाषा कुन-कुन प्राकृतबाट विकसित भएको मानिएको छ ?

(v) स्वस्थानी व्रतकथा र बाजपरिक्षा कुन सालको कृति हो ?

**24.** (i) निम्नलिखित कुनै ***एक*** विषयमा 150 शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस् । 5

- विज्ञान र प्रविधि ।
- विद्यार्थी जीवन स्वर्ण जीवन ।

(ii) (a) सिक्किममा रहेका पर्यटकीय स्थलहरूको जानकारी गराउँदै आफ्नो साथीलाई एउटा ज्ञानवर्दक पत्र लेख्नुहोस् । 5

**अथवा**

(b) लगातार परेको वर्षाको कारणले गाउँमा एक हप्ता अघिदेखि बीजुली नभएको जानकारी गराउँदै आफ्नो वार्ड पञ्चायतलाई एउटा निवेदन लेख्नुहोस् ।